# तामीकोट (/तम्कीकोट) पहाडको आसपासका मगर समुदायमा कम उमेरका किशोर/किशोरीहरुको बिबाह हुनुमा साँस्कृतीक कारणहरु र स्वास्थ्यमा परेका असरहरु : एक अध्ययन



✍ विष्णु कुमार सिङ्जाली

## विषय प्रवेश

मानिस समाजीक प्राणी हो, यसले समाजलाई ब्यवस्थित गर्न संस्कृती र संस्कारको विकास गरेको हुन्छ । बिबाहको संस्कार पनि मानिसले प्रजनन स्वास्थ्य र यौन स्वास्थ्यको रक्षा गर्दै मानव वंशको निरन्तरताका लागि मानव समाजले बसाएको एक संस्कृती हो । मानव समाजमा ठाउँ, परिवेश, समय अनुसार बिबाहको संस्कार र संस्कृती फरक छ । यो जात/जाति तथा समुदाय अनुसार फरक पनि छ । बिबाह प्रजननको लागि उमेर पुगेका पुरुष र स्त्री बीच भई बंश परम्परा कायम गर्न समाजद्धारा मान्यता प्रदान गरिएको एक संस्कार हो । बिबाह गर्न उमेर कति हुनुपर्दछ भन्ने कुरा पनि समाजै पिच्छे र समय अनुसार फरक पर्ने गर्दछ । तर आधुनिक समयमा कम उमेरको वा बालबिबाहलाई निरुत्साहित गरिन्छ । यसको कारण के भने बालबालिकाहरु आत्मनिर्भर नबनिकन बिबाह गरेमा बाबुआमा बनिसकेपछि पनि बच्चाको स्याहार सुसारमा अप्ठेरो हुने, त्यसका साथै स्वास्थ्यमा पनि नकरात्मक असर पर्ने जस्ता आदि हुन सक्दछ । आत्मनिर्भर बाबुआमा जिम्मेवार अविभावक बन्न सक्दछन् ।

विबाह मानव संस्कृतीको एक महत्वपूर्ण संस्कार हो । विबाह अगाडी कुनै पनि महिला पुरुष बीचको यौन सम्बन्धलाई नेपाली समाजले मान्यता दिएको पाईंदैन । त्यसैले यौन सम्बन्धको साथ साथै स्त्रीले पुरुष-माथी र पुरुषले स्त्री-माथी बैधानिक रुपमा अधिकार पाउनलाई गरिने संस्कारको नाम विबाह हो । बैबाहिक सम्बन्धबाट मानव परिवार, नातागोता र समाजको विकास हुन्छ । “Marriage is a socially accepted phenomenon in order to set up a family with children.”– Gillin & Gillin. “Marriage is a legal contract between a man and woman to live together as husband and wife.”-Blacks. “Marriage is an institution through which man and woman enter the family life.”- E.S. Bogardus ( Cited by Dhakal, 2057 P. 87).। यसरी विबाह मानव संस्कृतीको एक अभिन्न अंग हो । तर आधुनिक युगमा यसको लागि पूर्वआवस्यकताका प्रावधान भने फेरिएका छन् (जस्तै : विबाह गर्नु पूर्व उमेरको ख्याल गर्नु, एच.आई.भी. लगायत यौन रोगहरुको लागि रक्त परिक्षण, शिक्षा तथा सिप आदि समयले थप्दै गएको पुर्वआवस्यकताहरु हुन् )।

नेपालमा समाज र संस्कृतीको कुरा गर्दा मगर तेस्रो धेरै जनसंख्या भएको र आदिबासी जनजातिहरुमा धेरै जनसँखया हुने जाति हो (CBS, 2001) । यो अरु जातिको तुलनामा कम विकसित रहेकोले जनजातिको रुपमा परिभाषित गरिएको छ । आदिम कालदेखि यहि भुमीमा रहेको आदिबासी जाति मगर हो (मधुसुदन पाण्डे, नेपालका जनजातिहरु २०६५, पैरवी प्रकाशन पे )। मगर जाति पनि नेपाली समाज र संस्कृतीको एक हिस्सा हो, नेपालको सामाजीक साँस्कृतीक फुलबारीमा मगरहरुको पनि महत्वपुर्ण स्थान छ । यस अर्थमा मगर आँफैमा एक संस्कृती हो । हरेक समाज तथा संस्कृतीमा बिबाह तथा स्वास्थ्य सम्बन्धी आ-आफ्ना धारणाहरु रहेका हुन्छन् । स्वास्थ्य सबै संस्कृतीको मुल विषयवस्तु हो । सबै समुदाय संग संस्कृतीको रुपमा स्वास्थ्यको बारेमा अबधारणा हुन्छ (Park 2005, P.12) । अर्कोतर्फ समाज र संस्कृतीले रोगहरुको फैलावट, रोकथाम तथा बचावटका लागि महत्वपूर्ण भुमिकाहरु खेलेको हुन्छ ।

मगर जाति यहाँको आदिबासी भएकोले यहाँको पर्यावरण, समय र परिस्थीति सँग सँघर्ष गर्दै जीबीको पार्जन गर्दै गर्दा आफ्ना खाले संस्कार र संस्कृती, मुल्य मान्यताहरु स्थापीत भएका गरेको छ । नेपाल राज्यको एकिकरणमा मगर जातिले महत्वपूर्ण भुमीका रहेको थियो (डोरबहादुर विष्ट, सबै जातको फुलबारी, पे.५२) भन्ने कुरा एकीकरणका राजनेता पृथ्वी नारायण शाहको उपदेश ग्रन्थले पनि प्रस्ट पार्छ । प्रजातान्त्रिक, लोकतान्त्रिक आन्दोलनमा पनि प्रथम शहिद लखन थापामगर हुनुले मगरहरु नेपालको बेहित चाहेका छैनन् भनने प्रष्ट हुन्छ । लोकतान्त्रिक आन्दोलन तथा जनयुद्धमा भएको सहभागिताले मगरहरु अग्रगमन चाहान्छन् । तर राज्यको बेवास्ताले गर्दा उनीहरु राज्यको मुलधारबाट बाहिर छन् । कम शिक्षित, कम सचेत छन् र राज्यको साधन स्रोतको उपभोग गर्न कम पाएका छन् । पिछडीएका छन् । यसले गर्दा मगर समुदायमा कम उमेरका किशोर/किशोरीहरुको बिबाह हुने प्रचलन हराएको छैन । यसले बालबालिकाको शिक्षा तथा स्वास्थ्यमा नकरात्मक असरे परेको छ, गरीबीको कुचक्रमा फसाएको छ ।

मगर जातिमा पनि विबाह प्रथा आफ्नै किसिमको पाईन्छ । नेपालको विभिन्न ठाउँमा छरीएर बसेका मगरहरुको पनि भौगोलिक र परिवेशिय कारणले गर्दा परम्परा र संस्कारमा विभिन्नता पाईन्छ ता पनि मौलिक परम्परा र संस्कारमा भने त्यति फरक पाईदैन (बराल, २०५०, पे.६५)। मगरहरुमा मामा चेली, फुपुचेला बिबाह हुने प्रचलन अझ पनि कायमै छ । यसरी नजीकको नातामा विबाह गर्दा जन्मने बच्चामा लुप्त वंशानुगत रोगहरु देखापर्न सक्दछ भन्ने सचेतनामा कमी पाईन्छ । मगरहरुमा लगन्या (मागी) बिवाह, प्रेम बिबाह दुवै हुने गरेको पाईन्छ । जे सुकै भए पनि रीत फुकाउन “ढोगभेट फसाक्के” संस्कार गर्दछन् ।

मगर समुदाय एक पिछडीएको आदिबासी जाति हो । जसको आफ्नै संस्कृती छ र सो संस्कृतीमा बिबाह तथा स्वास्थ्य सम्बन्धी धारणाहरु पनि लुकेको छ । अर्कोतर्फ मगर संस्कृती पनि परिवर्तनको संघारमा उभिएको छ । विश्वव्यापीकरण, आधुनिकरण, विज्ञान तथा प्रविधी र सुचना प्रणालीकाले मारेको फड्को, आर्थिक उदारीकरण तथा पश्चिमा र अन्य संस्कृतीको प्रभाव आज मगर संस्कृतीमा परेको छ । यसले गर्दा मगर संस्कृतीलाई जोगाउँदै समय सापेक्ष बनाउनु पर्ने देखिन्छ, बिबाह र स्वास्थ्य पनि संस्कृतीको एक हिस्सा भएकोले यस विषय अध्ययन गर्नु पर्ने कारणहरुको निम्न समस्या देखेको छु । (क) मगर संस्कृतीकमा बिबाह सम्बन्धी के-कस्ता धारणहरु छन् ? (ख) मगर समुदायमा कम उमेरका किशोर/किशोरीहरुको बिबाह हुनुमा के कस्ता सांस्कृतीक कारणहरु छन् ? (ग) कम उमेरका किशोर/किशोरी बिबाहले के-कस्ता स्वास्थ्य समस्याहरु निम्त्याएका छन् ? (घ) कम उमेरका किशोर/किशोरी बिवाहको कुरीती हटाउन के गर्न सकिन्छ ?

## अध्ययन क्षेत्र र विधी

यस अध्ययनको लागि स्याङ्जा जिल्लाको तामीकोट पहाडका र गल्याङ बजारका आसपासका निवुवाखर्क, पिडीखोला, पेलाकोट, जगत्रदेवी र श्रीकृष्णगण्डकी गा.वि.स.हरुका मगर बस्तीहरुलाई समेटीएको छ । यस अध्ययनको बिधी मुख्यतया विवरणात्मक छ । यसको अध्ययन विधी मगर संस्कृतीको अवलोकन तथा सर्वेक्षणहरुबाट प्राप्त विवरणहरुको आधारमा व्याख्यात्मक, विश्लेषणात्मक पद्धती अवलम्बन गरिएको छ ।

## मगर सँस्कृतीमा बिबाह र स्वास्थ्य सम्बन्धी अवधारणाहरु

विबाह मानव वंश परम्परा कायम राख्न समाजद्धारा निर्माण गरिएको एक सांस्कृतकि संस्कार हो । मानव जिवन चक्रको एक महत्वपूर्ण क्षण विबाह पनि हो । यसले परिवार र समाजको निर्मार्ण गर्दछ । बिबाह पनि मानव समाजको संस्कृतीले निर्धारण गर्दछ । स्वास्थ्य सवै संस्कृतीको मूल विषयबस्तु (Theme) हो । सबै समुदाय सँग संस्कृतीको रुपमा स्वास्थ्यको बारेमा अवधारणा हुन्छ (Park, 2005, P. 12) । संस्कृतीलाई विभिन्न विद्धानहरुले विभिन्न तरीकाबाट परिभाषित गरेको पाईन्छ । ई.बी. टेलर महोदयको परिभाषा ब्यापक छ उनका अनुसार, 'Culture or civilization, taken in its wide ethnographic sense, is that complex whole which includes, belief, art, morals, law, custum and any other capabilities and habits aquired by man as a member of society' (Primitive Culture, 1871, Cited by

Debakota & Ojha, 2064, P. 62-53)। यसरी टेलर महोदयले संस्कृती भित्र विश्वास, कला, नैतिकता, कानुन, प्रथा, अन्य क्षमताहरु तथा ब्यवहार/आचरण आदि जटिल कुराहरु मानिस समाजको सदस्य भएकोले ग्रहण गर्ने कुरा उल्लेख गर्नु भएको छ। यसले पनि स्वास्थ्य र संस्कृती बीच सम्बन्ध स्पष्ट पारेको पाईन्छ।

संस्कृतीलाई कीसीङ र स्टथर्न ले यसरी बताएका छन् - 'Culture comprises systems of ideas, systems of concepts and rules and meaning that underline and are expressed in the ways that human being live' (Cultural Anthropology: A contemporary Prespective, 1998, third edition, cited by Helman 2007, P. 2)। यस परिभाषाले के बुझाउँदछ भने, मानव जीवनको लागि संस्कृतीले बिचारहरुको प्रणाली, अवधारणा र नियम कानुनको प्रणाली लाई गाभेर मानव जीवन उपयोगी बनाएको हुन्छ। यसले गर्दा मानव जीवन चक्रमा बिबाह संस्कार र स्वास्थ्य पनि एक हिस्सा भएकोले, सो कुरालाई समुदायको संस्कृतीले स्वास्थ्य सम्बन्धी अवधारणा र बुझाईलाई फरक पार्दछ।

बिवाह मानव संस्कृतीको एक महत्वपूर्ण संस्कार हो। बिवाह अगाडी कुनै पनि महिला पुरुष बीचको यौन सम्बन्धलाई नेपाली समाजले मान्यता दिएको पाईंदैन। त्यसैले यौन सम्बन्धको साथ साथै स्त्रीले पुरुष-माथी र पुरुषले स्त्री-माथी बैधानिक रुपमा अधिकार पाउनलाई गरिने संस्कारको नाम विवाह हो। बैबाहिक सम्बन्धबाट मानव परिवार, नातागोता र समाजको विकास हुन्छ। “Marriage is a socially accepted phenomenon in order to set up a family with children.”– Gillin & Gillin. “Marriage is a legal contract between a man and woman to live together as husband and wife.”-Blacks. “Marriage is an institution through which man and woman enter the family life.”- E.S. Bogardus ( Cited by Dhakal, 2057 P. 87).। यसरी विबाह मानव संस्कृतीको एक अभिन्न अंग हो।

मगर जातिमा पनि विबाह प्रथा आफ्नै किसिमको पाईन्छ। नेपालको विभिन्न ठाउँमा छरीएर बसेका मगरहरुको पनि भौगोलिक र परिवेशिय कारणले गर्दा परम्परा र संस्कारमा विभिन्नता पाईन्छ ता पनि मौलिक परम्परा र संस्कारमा भने त्यति फरक पाईदैन (बराल, २०५०, पे.६५)। मगरहरुमा मामा चेली, फुपुचेला बिबाह हुने प्रचलन अझ पनि कायमै छ। यसरी नजीकको नातामा विबाह गर्दा जन्मने बच्चामा लुप्त वंशानुगत रोगहरु देखापर्न सक्दछ भन्ने सचेतनामा कमी पाईन्छ। मगरहरुमा लगन्या (मागी) बिवाह, प्रेम बिबाह दुवै हुने गरेको पाईन्छ। जे सुकै भए पनि रीत फुकाउन “ढोगभेट फसाक्के” संस्कार गर्दछन्। अध्ययन क्षेत्रमा प्रेम बिवाह वा भागी विबाह गर्ने चलन मागी बिवाह भन्दा बढी पाईन्छ। यस्तो विबाह अझ कम उमेरका किशोर/किशोरी बिबाहमा बढी पाईने गरेको जानकारहरु बताउँदछन्।

बिबाह संस्कारमा पनि मगरहरुको स्वास्थ्य सम्बन्धी पृथक अवधारणा रहेको पाईन्छ। अध्ययन क्षेत्रका मगरहरुले विबाह संस्कारमा “ढोगभेट फसाक्के” को दिनमा केटापक्षले भाले पोथी एक जोडी कुखुरा माईती पक्षमा लान्छन्। विधी पुऱ्याएपछि कुटुम्बले सो कुखुराहरु काटी छोडीदिन्छन्, सो कुखुरा भुटभुट गर्दै उफ्रँदै गर्दा प्राण छोड्दा एकै पट्टी फर्केर मरेमा वा शिरतिरको भाग एकै तिर भएमा वा आमन्ने सामान्ने भएमा दुलाहा दुलही जीवन स्वस्थ्य हुने, सँगै जीउन पाउने अन्यथा भएमा रोगब्याधीले सताउने, स्वास्थ्यमा खराबी तथा पाराचुके हुन सक्ने भविष्यबाणी गर्दछन्। त्यस्तै गरि ढोगभेटको संस्कारमा केटापक्षबाट जाने जन्तीहरुले सगुन (एक विशेष किसिमको जाँड), दहीको ठेकी माईती पक्षमा लैजाने चलन छ। सो माईतीको पितृ तथा बायु लाई चढाउनु पर्दछ। यसरी लैजान लागेको सगुन र दहीको ठेकी बाटोमा पल्टेमा वा कुनै क्षति भएमा, पितृलाई चढाउन नपाउँदै अन्यथा भएमा दुलाहा दुलहीलाई रोगब्याधीले सताउने, दुई मध्ये कुनै एकको मृत्यु हुने जस्ता भविष्यबाणी गर्ने परम्परा मगर संस्कृतीमा छ।

## बिवाहको उमेर

बिवाहको उमेर कति हुनुपर्दछ भन्ने कुरा समय, काल, स्थान र परिस्थीती अनुसार फरक परेको पाईन्छ। हिन्दु समाजमा बिगतमा रजस्वला नहुँदै कन्याको विबाह गरिदिने ब्यवस्था हाम्रा धर्मग्रन्थहरुमा भेटिन्छ। तर आज त्यो अवधारणमा ब्यापक परिवर्तन आएको पाईन्छ। नेपालमा आज पनि तराईका केही जातिहरुमा बच्चा गर्भमा छँदै बिबाहको छिनोफानो लगाउने संस्कृती पनि छ। बाल बिवाहका संस्कृतीहरु पनि पाईन्छ। चिकित्सा तथा स्वास्थ्य विज्ञानले भने बिबाह गर्ने उमेर मानिसको उमेर बीस बर्ष पुगेपछि

उपयुक्त मानेको छ, त्यसैले स्वास्थ्य सेवा विभागले “बिबाह बीस पारी” भन्ने नारा नै तय गरि प्रचार गरिरहेको छ ।

नेपालको मुलुकी ऐनमा महल १७ बिहावारीको २ नं. मा “बिहावारी गर्दा महिला र पुरुषको उमेर संरक्षकको मन्जुरी भए अठार बर्ष र संरक्षकको मन्जुरी नभए बीस बर्ष नपुगी विहावरी गर्न गराउनु हुँदैन” भन्ने उल्लेख गरि दश बर्ष नपुगेकी बालिका विहे गरे गराए छ देखि तीन बर्ष कैद र दशहजार जरीवाना सजाय, दश देखि चौध बर्ष सम्मकोमा तीन महिनादेखि एक बर्ष कैद र पाँच हजार जरीवाना सजाय, चौध बर्ष माथी अठार बर्ष नपुगेकी बालिकाको बिवाह गरे गराए छ महिना सम्म कैद वा दश हजार रुपैयाँ जरीवाना सजाय तथा बीस बर्ष उमेर नपुगेको स्वास्नी मानिस वा लोग्ने मानिसको बिवाह गरे गराएको भए छ महिना कैद वा दश हजार रुपैयाँ वा दुवै सजाय हुनेछ भनिएको छ । (मुलुकी ऐन, २०६६, पे. २२४) । यस अर्थमा नेपालको कानुनले पनि कम उमेरको विबाहलाई निरुत्साहित गरेको पाईन्छ ।

कानुनले कम उमेरको विबाहलाई निरुत्साहित गरे पनि मगर समुदायमा कम उमेरमा वा किशोर/किशोरीहरुको विवाह भएको पाईन्छ । मगर समुदायमा यस्ता विबाहलाई कुनै अन्यथा नमानी मान्यता दिएको पाईन्छ । उमेरको सन्दर्भमा मगर समुदायमा कुनै स्पष्ट कडा नियम पाईदैन, तर पनि साधारणतया बालिका बिबाह भने निरुत्साहित गरिएको पाईन्छ । स्वस्थ्य शिशु तथा स्वस्थ्य आमा बन्न तथा जिम्मेवार अविभावक बन्न भने उमेरको ठूलो महत्व हुन्छ । जीवन यापनको लागि आवस्यक पर्ने शिक्षा र सिप ग्रहण गर्न, समाज तथा परिस्थीतीको विश्लेषण गर्न, परिवारमा समझदारी कायम गर्न आदिका लागि उमेर परिपक्व हुन जरुरी छ । परिवक्व उमेरको लागि नेपालको कानुनले तोकेको उमेरको हद उचीत मान्न सकिन्छ । अर्कोतर्फ मानिसले आफ्नो निर्णय गर्न सक्ने क्षमता अठार बर्ष पुगेपछि हुने कुरा विश्वा स्वास्थ्य संगठनले मानेको छ । यसले गर्दा पनि कम उमेरको बिवाहले सचेत तथा विकसित समाज बनाउनलाई बाधा ल्याउन सक्छ ।

## मगर समुदायमा कम उमेरका किशोर/किशोरीहरुको विबाह हुनुमा सामाजिक-साँस्कृतीक पक्षहरु

मगर समुदाय एक पिछडीएको आदिबासी जाति हो । जसको आफ्नै संस्कृती छ र सो संस्कृतीमा बिबाह तथा स्वास्थ्य सम्बन्धी धारणाहरु पनि लुकेको छ । मगर जातिमा पनि विबाह प्रथा आफ्नै किसिमको पाईन्छ । नेपालको विभिन्न ठाउँमा छरीएर बसेका मगरहरुको पनि भौगोलिक र परिवेशिय कारणले गर्दा परम्परा र संस्कारमा विभिन्नता पाईन्छ ता पनि मौलिक परम्परा र संस्कारमा भने त्यति फरक पाईदैन ( बराल, २०५०, पे.६५)। विबाह गर्ने उमेर कति हुनुपर्दछ, कति उमेरमा विबाह गरेमा स्वस्थ्य आमा, बच्चा तथा स्वस्थ्य र आत्मनिर्भर अविभावक, जिम्मेवार अविभावक बन्न सकिन्छ भन्ने कुरा बहसको विषय हुन सक्दछ । तर कलिलो उमेरको विबाहले सम्बन्धित व्यक्ति तथा त्यो विबाहबाट सृजना हुने परिवार तथा समाजलाई भने पक्के पनि प्रभाव पार्दछ । अध्ययन क्षेत्रका मगर समुदायमा विबाहको उमेर सम्बन्धी बहस भएको पाईंदैन ।

अध्ययन क्षेत्रका मगर समाजमा कलिलो उमेरमा विबाह हुने सामाजिक-साँस्कृतिक पक्षहरु निम्न अनुसार पाउन सकिन्छ ।

**(क) शिक्षा र चेतनाको अभाव**

मगर समुदाय नेपालमा अन्य जातिको तुलनामा कम शिक्षित छन् । यसका साथै मगरहरु सोझा, ईमान्दार, कर्तब्यनिष्ट पनि छन् । यसको तुलनामा कम सचेत छन् । विगतमा राज्यले मगरहरुलाई गरेको विभेद नै मगर समुदायमा शिक्षा र चेतनाको अभाव हुन गयो । हाल आएर बल्ल कछुवा गतिमा बढेको छ । मगरहरु पहाडका गाउँहरुमा घना बस्ती हुने हुनाले आर्थिक कारण, मातृ भाषामा शिक्षा नपाएका कारणबाट सबैले शिक्षा लिन सकेका छैनन् । विद्यालय भर्ना भएर छोड्नेहरुको लर्को हेर्ने हो भने अध्ययन क्षेत्रमा मगरहरुको नै बढी पाईयो । शिक्षा र चेतनाको अभावले गर्दा मगर समुदायका किशोर/किशोरीहरुमा परिवार

नियोजन, गर्भपतन, मातृशिशु स्वास्थ्य, यौन रोगहरु तथा एच.आई.भी.हरुको बारेमा जानकारी कमजोर पाईन्छ । यस्ता कुराहरुले गर्दा पनि उनीहरुलाई कम उमेरको विबाह र त्यसबाट हुने खराब पक्षको बिश्लेषण गर्न नसक्दा पनि कम उमेरमा विबाह हुने गरेको पाईन्छ । यस्ता कुराहरुमा ज्ञान, प्रवृती र अभ्यासको खाँचो पर्दछ । तर सो क्षेत्रमा मगर समुदायमा कम कामहरु भएको पाईन्छ ।

**(ख) हिन्दु संस्कृतीको प्रभाव :**

नेपालका आदिबासीहरु मध्ये सबभन्दा पहिले र बढी हिन्दुकरणको प्रभाव परेको जाति मगर र थारु हुन् (गोपाल गुरुङ, रोस १, अंक १, २०४८) । ऐतिहासिक कालमा मगरहरु कतै बृज्जि, कतै बज्जी, लिच्छवी, मल्ल आदि भएका थिए । अहिले कलियुगमा आएर त्यहि जातिको सन्ततिहरु मगर भएको छ भनै कतै ठकुरी, कतै झर्रो छेत्री भएको पाईन्छ, मगरहरुको पुस्ता केलाउँदै जाँदा किँरातकालमा गएर टुङ्गीन्छ (रामचन्द्र राई, २०६४, पे. ३२८) । उनी अगाडी लेख्दछन् - मगर जातिहरु ठूलो होम, यज्ञ, पुराण आदि गर्ने गराउने प्रकारको हिन्दु धर्मालम्बी चाँहि देखिन्न । मगरहरुमा पाईने प्राचिन धर्मालम्बी तान्त्रिक पन्थी हो (ऐ ऐ पे ३३८। यसरी मगरहरु आफ्नो प्राचिन संस्कृतीमा हिन्दु संस्कृतीले प्रभाव पारेको पाईन्छ भने यसले हिन्दु संस्कृतीलाई । मगरहरुले परसंस्कृती ग्रहण गर्दा हिन्दु संस्कृतीमा भएका विकृतीहरु जस्तो रजस्वला नहुँदै छोरीको विबाह गरिदिने प्रचलन पनि मगरहरुमा आएर उनीहरुमा पनि बालबिवाहको प्रचलन प्रथा बस्न गएको पाईन्छ ।

**(ग) मामाचेली फुपुचेला बिवाहको प्रथा :**

मगर संस्कृतीमा मामा चेली र फुपुचेलाको बिबाह प्रथाको रुपमा नै प्रचलित छ । यसलाई नेपालको कानुनले पनि मान्यता प्रदान गरेको पाईन्छ । यसले गर्दा मगर बालकहरुका सानै उमेरमा धेरै सालीहरु पाईसकेका हुन्छन् भने बालिकाहरु जन्मिदै थुप्रै भेनाहरु पाईसकेका हुन्छन् । अर्कोतर्फ मगर समुदायमा छोरी मानिसहरुलाई पनि स्वतन्त्रता हुने गर्दछ । तर शिक्षा र चेतनाको अभावमा स्वतन्त्रताको सदुपयोग हुन सक्दैन । सानै उमेरमा साली भेनाको ख्याल ठट्टा गर्दैमा उनीहरुको प्रेम, शारीरीक सम्बन्ध र विबाह हुने गरेको पनि अध्ययन क्षेत्रमा पाईन्छ । अर्कोतर्फ उनका अविभावकहरुले पनि किशोर किशोरीहरुलाई आफ्नै नजिकको नाता पर्ने भएकोले खासै प्रतिवन्धन लगाउँदैनन् र उनीहरुले स्वतन्त्रताको दुरुपयोग गरेका हुन्छन् ।

**(घ) लाहुरे संस्कृती :**

मगर समाजमा लाहुरेहरुको ठूलो ईज्जत हुन्छ, जसरी बाहुन समुदायमा अधिकृतहरुको हुन्छ । यसले गर्दा अधिकाँस मगर युवाहरु आफ्नो पढाई छाडेर विदेशी सेनामा भर्ति हुन मन पराउँदछन् यस्तो हुन नसकेमा नेपाली सेना वा प्रहरी, त्यो पनि नभएमा बैदेशिक रोजगारमा जाने वा त्यो पनि नभएमा भारतमा गएर मजदुरी गरि फर्कने गर्दछन् । उनीहरुको सामाजिक-आर्थिक ब्यवस्था लाहुरे संस्कृतीबाट नै टिकेको छ । यस प्रथाबाट पनि लाहुरेहरु विबाहको लागि केटी खोज्दा सकेसम्म कलिलो खोज्ने र विबाह गर्ने प्रचलनले पनि मगर समुदायमा कम उमेरका किशोर/किशोरीहरुको विबाह हुने गरेको अध्ययन क्षेत्रमा पाईन्छ ।

**(ङ) परनिर्भरता :**

अधिकाँस मगर समुदायको आर्थिक-सामाजिक अवस्था पुरुषहरु लाहुर जाने, वा कमाई गर्न घरबाहिर जाने र घरको कारोबार महिलाहरुले गर्ने गरेको पाईन्छ । यसरी हेर्दा महिलाहरु कारोबार गर्न वा आर्थिक ब्यवहार गर्न स्वतन्त्र छन् । तर उनीहरुको आफ्नो कमाई नभएको वा आफ्नो खुट्टामा नउभिएको कारणबाट उनीहरु पुरुषहरु प्रति परनिर्भर रहेको पाईन्छ । यसले गर्दा मगरहरु छोरी दिँदा सकेसम्म विदेशी सेनाको लाहुरे वा त्यसपछि बैदेशिक रोजगार आदि हेर्ने गर्दछन् । यसले गर्दा उनीहरु कमाई गर्ने ज्वाई मगनी गर्न आए वा प्रेम प्रस्ताव राखेमा कम उमेरमै स्वीकार गर्दछन् । यसले गर्दा पनि मगर समुदायमा कम उमेरका किशोर/किशोरीको विबाह हुने गर्दछ ।

**(ङ) साँस्कृतीक स्वतन्त्रता :**

मगर समुदायमा किशोर/किशोरीहरु बढी स्वतन्त्र रहन्छन् । महिलाहरुको पनि सम्मान हुन्छ । उनीहरु पनि घरमुलीको रुपमा समाजमा भुमिका निर्वाह गरेका हुन्छन् । अर्कोतर्फ मगर समुदायमा प्रेम विबाह वा भागी विबाहको प्रचलन पनि प्रशस्त छ । किशोर/किशोरीहरु बढी स्वतन्त्र हुनु, अविभावकहरुले मार्ग निर्देशन गर्न नसक्नु आदि कारणबाट किशोर/किशोरीहरु त्यो स्वतन्त्रताको दुरुपयोग गरिरहेका हुन्छन् । मगर समुदाय मेला, मनोरन्जनात्मक कार्यक्रममा रमाउने तथा जाँड रक्सीको दुरुपयोग समेत हुनाले सँस्कृतीमा भएको स्वतन्त्रतालाई सहि प्रयोग गर्न नसकेकोले पनि अध्ययन क्षेत्रमा पाईन्छ ।

**(च) भागी विबाह/गन्दर्भ विबाह :**

मगर समुदायमा युवा युवतीहरु एक आपसमा माया प्रीति गाँसेर भागी विवाह गर्ने प्रचलन छ । मगर समुदायमा भागी विबाह गरि युवाको घरमा भित्राउने र त्यसको तीन दिन भित्र माईती पक्षलार्य दहीको ठेको, हानको सगुन बनाएर लगी "तिम्रो छोरी हामीकहाँ सकुशल छ, हामी अब नातेदार भयौ" भन्ने चलन छ । त्यसपछि ढोगभेट समारोहमा बिबाह हुन्छ । यस संस्कृतीबाट पनि बुझ्न सकिन्छ कि मगर समुदायमा प्रेम विबाहको ठूलो महत्व छ । हिन्दु धर्मग्रन्थहरुमा यस्तो बिवाहको परम्परा भएको कारणबाट पनि मगरहरुलाई गन्दर्भ भनि गालि गर्रिको पाईन्छ (रामचन्द्र राई २०६४, प्राचिन किराँतहरुले छाडेका सम्पदाहरु पे. ३२८) । यस्तो संस्कृतीले गर्दा मगर समुदायका अविभावकहरु आफ्ना किशोर/किशोरीहरुलाई स्वतन्त्र छोडिदिने कारण र सो स्वतन्त्रताको सहि उपभोग गर्न नसक्दा पनि कम उमेरको विबाह धेरै भएको हुन सक्दछ ।

**(छ) चोरी बिबाह :**

मगर गाउँहरुमा केटी चोरेर वा जबरजस्ती गरेर युवतीलाई युवाको घरमा ल्याई भित्राउने गर्ने चलन पनि छ । यस्ता खालका विबाहहरु मगर संस्कृतीमा छ भन्ने कुरा मगर समुदायमा प्रचलित गीतहरु नै पाईन्छ । सालीलाई फकाउनु पर्दैन आदि भन्ने गरिन्छ । अनि आजकाल बढ्दै गएको हिन्दुकरणको प्रभावले गर्दा मातृसत्तामा आधारीत समाज पुरुष प्रधान बन्दै जाँदा पनि बिबाहमा युवतीहरुको भुमिका न्युन मान्ने प्रवृतीले गर्दा पनि लतारेर श्रीमती भित्राउने चलन भएको हुन सक्दछ । यस्ता संस्कृतीले पनि कम उमेरका किशोरीहरुको बिबाह हुने गरेको पाईन्छ ।

**(ज) मेला र जाँडरक्सी :**

मगर समुदायमा मेला तथा उत्सवहरुमा रमाउँदै आएको आदिबासी जाति हो । मेला तथा चाडपर्वहरुमा मगरहरुले धेरै भन्दा धेरै पैसा खर्च गर्ने गर्दछन् । चाडपर्व, संस्कार जन्य भोज भतेरहरु भव्यताका साथ मनाउन उनीहरु उत्साहित पाईन्छ । विशेष गरेर त्यस्ता भोज भतेरमा प्रयोग गरिने जाँड रक्सीले मगर समुदायमा गरीबी बढाउने एक कारण भएको पनि अध्ययन क्षेत्रमा पाईन्छ । गरीबीका कारणबाट किशोर/किशोरीहरुलाई उचीत शिक्षा तथा चेतना प्रदान गर्न गाहारो हुन्छ । अर्कोतर्फ मगर समुदायमा किशोर/किशोरीहरु पनि जाँड रक्सीको प्रयोग गर्न संस्कृतीले कुनै बाधा पार्दैन र ढुक्क प्रयोग गर्दछन् । मादक पदार्थको सेवनले विकृतीहरु बढाउन सक्ने कुरा सबैलाई जानकारी भएको विषय नै हो । यसले गर्दा पनि किशोर/किशोरीहरुको विबाह कम उमेरमा हुने गरेको छ ।

मगर समुदायमा झाम्रे, सालीज्यू, सोरठी/मारुनी/पाङ्दुरे (कङ्हाङ) नाच, जिबैमामा, घाँटु, हुर्रा आदि नाचमा हुने जमघट तथा हाटबजार, मेलाहरुमा हुने भेटघाट तथा मायाप्रीतिको साटासाटमा एच.आई.भी./एडस साटासाट पनि हुन सक्दछ । परिवारको स्वतन्त्रतालाई सदुपयोग गर्न नसक्दा पनि कम उमेरमा विबाह हुने गरेको पाईन्छ ।

**(झ) विश्व ब्यापीकरण, पश्चिमीकरण :**

विश्वमा आएको विज्ञान र प्रविधी तथा सुचना प्रविधीको विकास मगर समुदायमा पुगेको छ । यसले गर्दा उनीहरु पनि पश्चिमा संस्कृतीको बारेमा जानकारी पाईसकेका छन् । तर कम सचेतना तथा शिक्षाले गर्दा असल कुराहरुलाई ग्रहण गर्न भने गाहारो छ । विकृतीहरु भने प्रशस्तै नक्कल भएका छन् । अश्लिल फिल्महरु हेर्ने, पश्चिमा भेषभुसाहरुको प्रभाव मगर समुदायमा जरा गाडी सकेको छ । टेली भिजन, अडियो

भिडीओ, मोबाईल फोन आदिले यसलाई निकै मद्दत गरेको छ । यसले गर्दा मगर संस्कृती पनि विश्वब्यापीकरण तथा पश्चिमीकरणको चेपमा परीसकेको छ । मगर समुदायमा भएको युवा/युवती तथा महिलाहरुलाई भएको स्वतन्त्रताको चेतना र शिक्षाको अभाव तथा परिस्थीतीहरुको विश्लेषण गर्न नसक्दा पनि किशोर/किशोरीको कम उमेरमा विबाह हुने, किशोरीहरु गर्भवती हुने जस्ता घटनाहरु बढेका छन् ।

## कम उमेरमा विबाहित किशोर/किशोरीहरुको मातृशिशु स्वास्थ्य सम्बन्धी जानकारी

अध्ययन क्षेत्रमा अनुसन्धानकर्ताले भेटाएका गत दुई बर्ष भित्र र चौध देखि अठार बर्ष भित्र बिबाह गरेका किशोर/किशोरीहरु जो साक्षर त थिए तर एस.एल.सी. गरेका थिएनन् त्यस्ता सोह्र जनामा मातृस्वास्थ्य स्वास्थ्य सम्बन्धी केही प्रश्नावली सोधेर जान्ने प्रयाश गरिएको थियो । जसलाई तल प्रस्तुत गरिएको छ ।

(क) **परिवार नियोजन** : किशोर/किशोरी उमेरमा विबाह भएका जोडीहरुमा परिवार नियोजन तथा गर्भ निरोधकका बारेमा जानकारी हुन आवस्यक छ । किन भने सन्तानको जन्म, आफ्नो वृती विकास आदिका बारेमा जाकारी हुनु जरुरी छ । परिवार नियोजनका साधनहरुको जानकारी तथा प्रयोगले यो सम्भव छ । अध्ययन क्षेत्र लक्षित किशोर/किशोरीहरुलाई “तँपाईलाई परिवार नियोजनका कति वटा अस्थाई साधनहरुको बारेमा जानकारी छ ?” भनी प्रश्न सोधिएको थियो । जसलाई तालिका नं. १ मा देखाईएको छ ।

तालिका १ : अस्थाई परिवार नियोजनका साधनहरुको बारेमा कम उमेरमा बिवाहित किशोर/किशोरीहरुमा जानकारी

| परिवा नियोजनको साधनबारे जानकारी | महिला | प्रतिशत | पुरुष | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| लाज मानेको/बोल्न नचाहेको | 3 | 18.75 | 0 | 0 | **3** | 18.75 |
| दुई वटा सम्म भन्न सकेको | 2 | 12.5 | 3 | 18.75 | **5** | 31.25 |
| तीन वटा सम्म भन्न सकेको | 1 | 6.25 | 2 | 12.5 | **3** | 18.75 |
| चार वा सो भन्दा बढी भन्न सकेको | 2 | 12.5 | 3 | 18.75 | **5** | 31.25 |
| **जम्मा** | **8** | **50** | **8** | **50** | **16** | **100** |

स्रोत : फिल्ड सर्भे/अनुसन्धानकर्ता २०६६/६७

(ख) **गर्भवती अवस्थामा स्वास्थ्य परिक्षण** : कम उमेरमा विबाह भएका किशोर/किशोरीहरुमा मातृशिशु स्वास्थ्य रक्षाको लागि गर्भअवस्था र यस्तो बेलामा स्वास्थ्य संस्थामा जाने तथा चिकित्सक/स्वास्थ्यकर्मीलको परामर्श लिनु पर्दछ । विश्व स्वास्थ्य संघको अनुसार कम्तिमा चार पटक सम्म गर्भवती महिलाले स्वास्थ्य परिक्षण गर्नुपर्ने उल्लेख छ । हुन त स्वास्थ्य परिक्षण सम्बन्धी गर्भवती महिलाको अवस्था, परिस्थीती आदिले कति पटक परिक्षण गर्नुपर्द भन्ने फरक पार्दछ । तरपनि गर्भावस्थामा स्वास्थ्य संस्था जान जरुरी छ । मगर समुदायको लक्षित किशोर/किशोरीमा तालिका नं. २ को विकल्पहरु राखी सोधीएको “गर्भवती अवस्थामा कतिपटक स्वास्थ्य संस्थामा गई स्वास्थ्य परिक्षण गर्नुपर्दछ ?” प्रश्न सोधिएको थियो । प्रश्नको उत्तर तालिका नं. २ मा दिईएको छ ।

तालिका २ : गर्भावस्थामा स्वास्थ्य परिक्षण बारेमा कम उमेरमा विबाहित किशोर/किशोरीहरुमा जानकारी

| गर्भवती अस्वस्थामा स्वास्थ्य परिक्षण | महिला | प्रतिशत | पुरुष | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| थाहा नभएको | 0 | 0 | 3 | 18.75 | **2** | 12.5 |
| कम्तिमा दुई पटक | 2 | 12.5 | 1 | 6.25 | **3** | 18.75 |
| कम्तिमा तीन पटक | 2 | 12.5 | 2 | 12.5 | **4** | 25 |
| चार पटक र सो भन्द बढी आवस्यकता अनुसार | 4 | 25 | 2 | 12.5 | **7** | 43.75 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| जम्मा | **8** | **50** | **8** | **50** | **16** | **100** |

स्रोत : फिल्ड सर्भे/अनुसन्धानकर्ता २०६६/६७

(ग) **नवजात शिशुलाई दिईने भ्याक्सीन र रोगहरुको जानकारी :** नेपाल सरकारले नवजात शिशुहरुको स्वास्थ्य रक्षा गर्न र बालमृत्यु दर घटाउन, हरेक ठाउँमा सरकारी स्वास्थ्य संस्था मार्फत भ्याक्सिनहरु दिने गर्दछ । सरकारले हाल क्षयरोगबाट बच्न बी.सी.जी., भ्यागुते रोग, लहरे खोकी र धनुष्टँकार रोगहरुबाट बचाउन डी.पी.टी., पोलीयो रोग बाट बचाउन पोलियो, दादुरा रोगबाट बचाउन दादुरा भ्याक्सिन, हेपाटाईटीस बी बाट बचाउन हेपाटाईटी बी भ्याक्सिन निशुल्क नवजात शिशुहरुलाई प्रदान गर्दछ । यस अध्ययनको लागि लक्षित कम उमेरमा विबाहित मगर युवा युवतीहरुलाई "नवजात शिशुलाई के-कस्तो रोगहरुबाट बचाउन के-कस्ता भ्याक्सिनहरु हे.पो./सव हे.पो. वा सरकारी स्वास्थ्य संस्थाहरुबाट निशुल्क दिईन्छ ?" भनि प्रश्न सोधिएको थियो । यसको उत्तरलाई तालिका नं. ३ मा देखाईएको छ ।

तालिका ३ : नवजात शिशुलाई दिईने भ्याक्सिन र रोगहरु सम्बन्धी जानकारी

| **हे.पो./सव-हे.पो बाट दिईने नवजात शिशुलाई दिईने भ्याक्सीन र रोगहरु सम्बन्धी जानकारी** | **महिला** | **प्रतिशत** | **पुरुष** | **प्रतिशत** | **जम्मा** | **प्रतिशत** |
|---|---|---|---|---|---|---|
| थाहा नभएको | 3 | 18.75 | 4 | 25 | **7** | 43.75 |
| तीन वटा रोगहरु विरुद्ध | 1 | 6.25 | 0 | 0 | **1** | 6.25 |
| चार वटा रोगहरुको विरुद्ध | 2 | 12.5 | 2 | 12.5 | **4** | 25 |
| छ वटा रोगहरुको विरुद्ध | 1 | 6.25 | 1 | 6.25 | **2** | 12.5 |
| सात वटा रोगहरुको विरुद्ध | 1 | 6.25 | 1 | 6.25 | **2** | 12.5 |
| जम्मा | **8** | **50** | **8** | **50** | **16** | **100** |

स्रोत : फिल्ड सर्भे/अनुसन्धानकर्ता २०६६/६७

(घ) **एच.आई.भी./एडस सम्बन्धी जानकारी :** आज एच.आई.भी./एडस रोगले आज माहामारीको रुपमा फैलिएको छ । नेपालमा सन् २००७ मा अनुमानित संक्रमितको सँख्या सत्तरी हजार थियो । तर सन् २००९ मा यसलाई घटाई करिब ६४ हजार एचआई भी संक्रमित रहेको राष्ट्रिय एडस तथा यौन रोग नियन्त्रण केन्दले जनाएको छ । यो कुल जनसँख्याको शुन्य दशमलब चार प्रतिशत हो (कान्तिपुर, मंसिर, २ गते, २०६७, पे.१६) । हुन त यो अनुमानित सँख्या घटाउँदैमा वा बढाउँदैमा एच आई भी संक्रमणको अवस्थामा फरक भने पार्दैन । किनभने यो अनुमानित तत्थ्याँक हो । नेपालमा आर्थिक बर्ष २०६६/६७ को अन्त्य असार मसान्त अवधीमा सरकारी तत्थ्याँक अनुसार १६,२६२ जना एच आईभी संक्रमितहरु दर्ता भएका छन् (www.ncasc.gov.np) । सर्वप्रथम नेपालमा एच.आई.भी./एडस, सन् १९८८ सालमा बिदेशी नागरीकमा निदान गरिएको थियो । नेपालमा एच.आई.भी. संक्रमितहरुमा ८१ प्रतिशत बीस देखि उनन्चालिस उमेर समुहका थिए । नेपालको पचहत्तरै जिल्लामा एच.आई.भी. संक्रममीतहरु रहेको प्रतिवेदन आईसकेको छ (Dixit, Dr. Hemang, Nepal's Quest ofr Health 2005 P.23)

यस अध्ययनमा मगर समुदायका कम उमेरमा विबाहित युवा, युवतीलाई "एच.आई.भी./एडस रोग कसरी सर्दछ ?" भन्ने प्रश्न सोधिएको थियो । त्यसको उत्तर तालिका नं. ४ मा दिईएको छ ।

तालिका ४ : एच.आई.भी./एडस सम्बन्धी जानकारी

| **एच.आई.भी./एडस रोग सर्ने तरीका सम्बन्धी जानकारी** | **महिला** | **प्रतिशत** | **पुरुष** | **प्रतिशत** | **जम्मा** | **प्रतिशत** |
|---|---|---|---|---|---|---|
| (क) थाहा नभएको | 1 | 6.25 | 1 | 6.25 | **2** | 12.5 |
| (ख) रगतको माध्यमबाट | 0 | 0 | 1 | 6.25 | **1** | 6.25 |
| (ग) बीर्य, योनी रसबाट/यौन सम्बन्धबाट | 2 | 12.5 | 2 | 12.5 | **4** | 25 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| (घ) आमाबाट बच्चामा | 1 | 6.25 | 0 | 0 | **1** | 6.25 |
| (ङ) कुनै दुई सर्ने तरीका जानकारी भएको | 1 | 6.25 | 1 | 6.25 | **2** | 12.5 |
| (च) सबै सर्ने तरीका जानकारी भएको | 3 | 18.75 | 3 | 18.75 | **6** | 37.5 |
| जम्मा | **8** | **50** | **8** | **50** | **16** | **100** |

स्रोत : फिल्ड सर्भे/अनुसन्धानकर्ता २०६६/६७

**(ङ) पाठेघर खस्ने/आङ खस्ने रोग सम्बन्धी जानकारी :** कम उमेरको यौन सम्बन्ध, गर्भ र सुत्केरी मा पाठेघर खस्ने रोग देखिन सक्ने सम्भावना रहन्छ । सुत्केरी अवस्थामा यौन सम्बन्ध, गह्रौं भारी बोक्ने वा उचाल्ने वा परिश्रम गर्ने, घरमा गराउने सुत्केरी, महिलाको पोषणको कमी आदि पनि यसका कारणहरु हुन् । नेपालमा यस्तो रोग महिलाहरुमा प्रशस्त पाईन्छ । कतिपयले त लाज लागेर स्वास्थ्य संस्थामा जाँदैनन् भने कोही गरीबीका कारण स्वास्थ्य सेवा लिन सक्दैनन् । यस अध्ययनमा  कम उमेरमा विबाह भएका मगर युवा युवतीलाई "पाठेघर खस्ने/आङ खस्ने रोग सम्बन्धी तँपाईलाई के कस्तो जानकारी छ ?" भन्ने प्रश्न सोधिएको थियो । त्यसको उत्तर तालिका नं. ५ मा देखाइएको छ ।

तालिका ५ : पाठेघर खस्ने/आङ खस्ने रोगहरु सम्बन्धी जानकारी

| महिलाहरुमा पाठेघर खस्ने/आङ खस्ने रोगहरु सम्बन्धी जानकारी | महिला | प्रतिशत | पुरुष | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| थाहा नभएको | 1 | 6.25 | 4 | 25 | **5** | 31.25 |
| सुनेको छु | 5 | 31.25 | 3 | 18.75 | **8** | 50 |
| जानकारी भएको/बताउन सक्ने | 2 | 12.5 | 1 | 6.25 | **3** | 18.75 |
| जम्मा | **8** | **50** | **8** | **50** | **16** | **100** |

स्रोत : फिल्ड सर्भे/अनुसन्धानकर्ता २०६६/६७

## कम उमेर हुने विबाहले जन्माउन सक्ने स्वास्थ्य सम्बन्धी समस्याहरु

विश्व स्वास्थ्य संगठन (WHO) ले स्वास्थ्यलाई "रोगहरु र दुर्वलता वा रोगब्याधीबाट छुटकारा मात्र स्वास्थ्य होईन, स्वास्थ्य भनेको त शारीरीक, मानसिक र सामाजीक रुपमा निरोगी रहनु हो" भनेको छ । यसले गर्दा स्वास्थ्यमा शारीरीक, सामाजीक र मानसिक रुपमा स्वस्थ्य रहनुपर्ने कुरा आएको छ । यस अर्थमा स्वास्थ्य शारीरीक, सामाजीक र मानसीक गरी  त्रि-आयामिक छ । यसले गर्दा मगर समुदायमा भएको कम उमेरमा विबाह भएका मानिसहरुमा मातृशिशु सम्बन्धी निम्न समस्याहरु देखिएको पाईन्छ ।

**(क) शारीरीक** : गर्भपतन, पाठेघर खस्ने, मृत बच्चा जन्मनु, कम तौलको बच्चा जन्मनु, आमा तथा शिशुको मृत्यु, यौन रोगहरु, एच.आई.भी./एडस, रक्त अल्पता, , पाठेघरको क्यान्सर, दीर्घ रोगी हुनु आदि

**(ख) मानसिक** : कम उमेरमा विबाह भएकाले आफ्नो वृति विकास भैनसकेको कारणबाट जीवनलाई निरन्तरता दिनमा कठिनाई उत्पन्न भएको कारणबाट नैराश्यता, डिप्रेशन, चिन्ता, आत्महत्या तथा अन्य मानसिक रोगहरु लाग्ने आदि ।

**(ग) सामाजीक** : कच्चा उमेरमा विबाह भएको कारणबाट पाचाचुके हुने, पोईल जाने, यौनको दुरुपयोग, बच्चाहरुको राम्रो रेखदेख नहुनु, बेरोजगार, समाजमा चेतना तथा शिक्षाको अभाव हुनु, परिस्थितीको विश्लेषण गर्न नसक्नु आदि ।

कम उमेरमा हुने विबाहले सम्बन्धीत ब्यक्ति तथा समाजमा पनि स्वास्थ्य तथा साँस्कृतीक समस्याहरु ल्याउने गर्दछ । यसले गर्दा समुदाय, समाज तथा राज्यलाई नै असर पर्दछ । नेपालको हालको मातृ मृत्यु दर प्रति लाख जीवीत जन्ममा २८१ छ  तथा नवजात शिशु मृत्युदर प्रति हजार जीवीत जन्ममा ३३ छ । र क्रमश : सन् २०१७ सालमा १३४ मा तथा १५ मा झार्ने नेपाल सरकारको लक्ष्य छ  (GoN, MOH&P, Department Of health Service - Annual |Report 2008/09) P.88)। यसले गर्दा

सरकारको लक्ष्य प्राप्त गर्न र नेपालको विकासलाई सम्भव बनाउन मगर जातिमा पनि मातृशिशु स्वास्थ्यमा काम हुनु जरुरी छ । कलिलो उमेरको यौन सम्बन्ध, विबाह र गर्भ तथा सुत्केरी पनि मातृशिशु स्वास्थ्यमा नकरात्मक पार्ने तत्वहरु हुन्  यसले गर्दा पनि मगर संस्कृतीमा यसको न्युनीकरण गर्न जरुरी छ ।

## निकर्ष तथा सुझाबहरु

मगर संस्कृतीमा आज पनि कम उमेरमा बिवाह गर्ने प्रचलन कायम नै छ । तम्कीकोट पहाडको आसपासमा मगर बस्ती बाक्लो छ । मगर संस्कृतीमा कम उमेरका किशोर/किशोरीहरुमा विबाह हुनुमा (क) शिक्षा र चेतनाको अभाव (ख) हिन्दु संस्कृतीको प्रभाव (ग) मामाचेली फुपुचेला बिवाहको प्रथा (घ) लाहुरे संस्कृती (ङ) परनिर्भरता (ङ)  साँस्कृतीक स्वतन्त्रता (च) भागी विबाह/गन्दर्भ विबाह (छ) चोरी बिबाह (ज) मेला र जाँडरक्सी (झ) विश्व व्यापीकरण, पश्चिमीकरण आदि सामाजीक-साँस्कृतीक कारणहरु रहेको पाईन्छ ।

चिकित्सा तथा स्वास्थ्य विज्ञानले भने बिबाह गर्ने उमेर मानिसको उमेर बीस बर्ष पुगेपछि उपयुक्त मानेको छ, त्यसैले स्वास्थ्य सेवा विभागले “बिबाह बीस पारी” भन्ने नारा नै तय गरि प्रचार गरिरहेको छ । नेपालको मुलुकी ऐनमा महल १७  बिहावारीको २ नं. मा “बिहावारी गर्दा महिला र पुरुषको उमेर संरक्षकको मन्जुरी भए अठार बर्ष र संरक्षकको मन्जुरी नभए बीस बर्ष नपुगी विहावरी गर्न गराउनु हुँदैन” भन्ने उल्लेख गरेको छ । यसले गर्दा कम उमेरको बिवाहलाई निरुत्साहित गरी स्वस्थ्य समाज बनाउने प्रयाश गरिएको छ ।

नेपालको हालको मातृ मृत्यु दर प्रति लाख जीवीत जन्ममा २८१ छ  तथा नवजात शिशु मृत्युदर प्रति हजार जीवीत जन्ममा ३३ छ । र क्रमश : सन् २०१७ सालमा १३४ मा तथा १५ मा झार्ने नेपाल सरकारको लक्ष्य छ  (GoN, MOH&P, Department Of health Service - Annual |Report 2008/09) P.88)। यसले गर्दा सरकारको लक्ष्य प्राप्त गर्न र नेपालको विकासलाई सम्भव बनाउन मगर जातिमा पनि मातृशिशु स्वास्थ्यमा काम हुनु जरुरी छ । कलिलो उमेरको यौन सम्बन्ध, विबाह र गर्भ तथा सुत्केरी पनि मातृशिशु स्वास्थ्यमा नकरात्मक पार्ने तत्वहरु हुन्  यसले गर्दा पनि मगर संस्कृतीमा यसको न्युनीकरण गर्न जरुरी छ । कम उमेरमा विबाह, यौन सम्बन्ध तथा गर्भ र सुत्केरी हुनुले (क) शारीरीक : गर्भपतन, पाठेघर खस्ने, मृत बच्चा जन्मनु, कम तौलको बच्चा जन्मनु, आमा तथा शिशुको मृत्यु, यौन रोगहरु, एच.आई.भी./एडस, रक्त अल्पता, , पाठेघरको क्यान्सर आदि । (ख) मानसिक : कम उमेरमा विबाह भएकाले आफ्नो वृति विकास भैनसकेको कारणबाट जीवनलाई निरन्तरता दिनमा कठिनाई उत्पन्न भएको कारणबाट नैराश्यता, डिप्रेशन, चिन्ता, आत्महत्या तथा अन्य मानसिक रोगहरु लाग्ने आदि । (ग) सामाजीक : कच्चा उमेरमा विबाह भएको कारणबाट पाचाचुके, पोईल, बच्चाहरुको राम्रो रेखदेख नहुनु, बेरोजगार, समाजमा चेतना तथा शिक्षाको अभाव हुनु, परिस्थितीको विश्लेषण गर्न नसक्नु आदि  जस्ता स्वास्थ्य सम्बन्धी समस्याहरु ल्याउने गर्दछन् ।

यसले गर्दा मगर समुदायलाई पनि स्वस्थ्य बनाई वर्तमान परिस्थीतीमा प्रतिस्पर्धा गर्न सक्ने सक्षम बनाउन सबै बुद्धिजीवी तथा मगर सम्बन्धी काम गर्ने संघसंस्थाहरु लागि पर्नुपर्दछ । मगर संस्कृतीमा कम उमेरको विबाहलाई निरुत्साहित गर्न मगर समुदायले आफ्ना बालबालिकालाई स्तरयुक्त शिक्षा दिनुका साथै बालबालिकाको मनोविज्ञान र उ हिडेको वातावरणको विश्लेषण गरि उसलाई मार्गनिर्देशन गर्नुपर्दछ । मगर संस्कृतीमा भएको मेला तथा यसमा हुने जाँडरक्सीको दुरुपयोग रोक्नु पर्दछ । नेपालको विबाह सम्बन्धी कानुन तथा चिकित्सा विज्ञानले तोकेको विबाह उमेरलाई प्रचार प्रसार गर्नुपर्दछ । ग्रामीण भेकका सरकारी स्कूलहरुलाई सरकारले गुणस्तरीय बनाई पिछडीएका वर्गलाई शिक्षा दिनुपर्दछ । स्वास्थ्य सेवाको विस्तार गरि स्वास्थ्य सम्बन्धी रोकथामका उपायहरु मगर समुदायमा फैलाउनु पर्दछ । मगर समुदायमा स्वास्थ्य सेवा विस्तार गर्दा सो समाजको चिकित्सा मानवशास्त्र/समाजशास्त्रको अध्ययन गरि कार्यन्वयनमा ल्याएमा स्वास्थ्य सेवामा लगाएको  लगानी खेर जाँदैन । मगरहरु पनि स्वस्थ्य बनि देश विकासको लागि सक्षम बन्न सक्दछन् । स्वास्थ्य सवै संस्कृतीको मूल विषयबस्तु (Theme) हो । सबै समुदाय सँग संस्कृतीको रुपमा स्वास्थ्यको बारेमा अवधारणा हुन्छ । तर *“स्वास्थ्य ”* आँफैमा एउटा बृहत अर्थ बोकेको शब्द हो,  मगर संस्कृतीमा शिक्षा र चेतना थप्नुपर्दछ । सबैलाई आत्मनिर्भर बनाउन मार्गनिर्देशन गर्न जरुरी छ ।

# सन्दर्भ समाग्रीहरु


*Ananda, N.K., Goel Shikha 2010, - Health Economics, Delhi, India*
*Baralmagar, Dr. Kesharjung 2050 BS - Palpa, Tanahun ra Syangjaka Magarharuko Sankriti, , Published by Royal Nepal Academy Kathmandu, Nepal*
*Bista, Dorbahadur, 2055 BS: Sabai Jatako phulbari, 2055 BS,7th edition, Published by Sajha Prakashan Lalitpur*
*Buramagar, Harhabahadur & Rokemagr, Gopalbdr 2060 BS :"Magar culture" with in Nepalese culture: Different Dimensions, Royal Nepal academy.*
*Bell, Dion R. 1998 - Tropical Medicine, fourth edition, Blackwell science U.K.*
*BMJ, Jun 2006, - Clinical evidence concise, UK*
*BMJ, 2004 - Health in south Asia, 3Apr 2004, UK*
*BMJ, 2001 - Sport Medicine, December 2001, UK*
*Bohannan, Paul & Glazer, Mark 1998 - High Points in Anthropology, New York*
*Central Bureau of Statistics 2001 - National Census (Government of Nepal)*
*Chemjong, Imansing, 1967 -History of culture of Kirat people, KTM*
*Chaulagain, Balaram 2007- Illuminating Nepal's Health care & Social Issues, Makalu publication,KTM*
*DDA, 1999, - Standard Treatment Schedule for Health post and Sub- Health post*
*Devkota, Dr. Padamlal & ojha Netrakumar, 2064 BS - Models of Culture (Nepali), KTM*
*Department of Health service 2010, - Annual Report 2008/09, Published by GoN, MoH&P, KTM*
*District Development Commitee Office Syangja, 2064 BS, - District Profile of Syangja.*
*Dixit, Dr. Hemang 2005, -Nepal's quest for health (The health service of Nepal), Kathmandu, Nepal*
*Gartaula, Dr Ritu Prasad 2008, - Text Book Of Medical Sociology and Medical Antropology, KTM*
*Gurung, Dr. Harka 1998 - Nepal Social Demography and Expectations, Published by New Era KTM.*
*Gurung, Dr. Harka 2001 - Social Demography of Nepal census 2001, Himal books, KTM*
*Harding, J.W. Richard, 1996 - Medical problems for Health post Workers, third edition HLMC T.U,*
*Hamilton, F.B., 1815 - An Account of the Kingdom of Nepal, 1815 AD UK, Reprint 1997, Delhi India*
*Helman, Cecil G, 2007 - Culture, Health and Illness, Fifth edition UK.*
*Kirkpatrik, William J. 1793 AD : An Account of Tha kingdom of Nepal, Published by Rupa Co India, 2007 AD.*
*Mathur J S, 2007 - Preventive and Social Medicine (A Comprehensive Text book, with special focus on Nepal), India.*
*Park, K. 2005 - Park's text book of preventive and social Medicines 18th edition, India*
*Punmagar, Mejan 2066 BS : A study of Pun Magar, KTM*
*Rai, Ram chandra, 2064 BS – Heritage of the Kiratas (Nepali)*
*Ritzer, George 2000 - Sociological Theory, Fifth edition, MC Graw wall New Delhi.*
*Sinjali, BK 2007 - Health awareness among the rural Magars towards communicable disease (A dissertation to TU for MPA degree)*
*Shrismagar, Min 2066 BS : Paschimanchal Bikas Chhetraka Magar Samudayama Prachalit Lokgit nrityako Bartaman Abastha ra chunautiharu, Published by Magar Study Centre Ktm*
*Shrestha, Gyaindra Bahadur 2066 BS- Hindu Jurisprudence and Nepalese Legal System (Nepali), Ktm*
*Tuker, Francies, 1957– Gurkha : the story of the Gurkhas of Nepal country*
*Thapa, Khildhoj, 2036 BS : Magar jati Ek aitihasik ruprekha, Serophero barsa 1, anka 1, Falgun 2036 BS, p.7-8.*
*Thapa, Hirasing, 2007AD: Magar through the age (Magar History) (Manuscript)*
*Thapa, M S 2049 BS : Prachin Magar ra Akkha Lipi, Kathamandu*
*Thapa, Hirasing, 2066 BS: Magar (Dhut)-Khas- English Dictionary*
*Tamang, Sitaram 2061 BS : Nepal Samaj Bikasko eitihasik bhautik nirupan, KTM*
*Udas (pokhareli), Dr, Gehendra man …. : Nepalka adibasi janajatima hindukaran, KTM*
*Ukyab, Tamil & Adhikari, Shyam 2000– The nationalities of Nepal, by Ministry of Local dvmt,*
*UNIFEM & NIDS 2006, - Nepali Women and Foreign Labour Migration, KTM*
*Worner, David, 2044 BS - Daktar Nabhayama (Nepali) 2nd edition, HLMC Kathemandu*
*Wright, Danial 1877 - History of Nepal*


## *Newspaper & Journals*


*Smarika Mitrasen Pratisthan, Different Serials.*
*Shodhamala (A Journal of Magar Studies Centre) Different Serials*
*Poon hill, Different Serials*
*Kanung Lam, Monthly newspaper Kathemandu, Different serials*
*Gorakhapatra, Kantipur Daily Different Serials*
*Kantipur Daily, Dfferent Serials*
*Kathmandu Post Daily Different Serials*
*Nepal weekly Different Serials*
*Himal khabar Patrika monthly Different Serials*